

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन २ गते सोमबार ❑ 18 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## विश्वविद्यालयमा गरिने तालाबन्दी सधैँका लागि अन्त्य गरौँ : मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा,१ साउन**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले विश्वविद्यालयहरुमा गरिने तालाबन्दी सधैँका लागि अन्त्य गर्नुपर्ने बताउनुभएको छ।

पोखरा विश्वविद्यालयको रजत जयन्ती समारोह एवं स्थापना दिवसका अवसरमा आइतबार पोखरामा आयोजित कार्यक्रममा उहाँले विश्वविद्यालयमा विभिन्न माग राखेर गरिने तालाबन्दीबाट शैक्षिक विकासमा अवरोध आउने भएकाले सोको अन्त्य गर्नुको विकल्प नभएको बताउनुभयो।

उहाँले भन्नुभयो, 'विश्वविद्यालयमा आफ्ना माग राख्दै तालाबन्दी गर्ने प्रचलन छ, यसबाट विद्यार्थी एवं विश्वविद्यालयको उन्नयन र विकासमा असर पर्छ, त्यसलाई वार्तामार्फत समाधान खोज्नुपर्दछ ।' उच्च शिक्षाको स्तरबाट नै मुलुकको राजनीतिक र



आर्थिक अवस्थाको पहिचान हुने भएकाले विश्वविद्यालय सुधारका लागि नेतृत्वकर्ताले सङ्कल्प गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । मन्त्री पौडेलले देशका ११ वटा विश्वविद्यालयलाई नियमन गर्न एकीकृत छाता ऐनको तयारी भइरहेको समेत जानकारी दिनुभयो । उच्च शिक्षाका नाममा विदेश गएका विद्यार्थीमध्ये ९१ प्रतिशत विद्यार्थी रोजगारीका लागि त्यहाँ पुगेको उल्लेख गर्दै मन्त्री पौडेलले विश्वविद्यालयबाट उत्पादित जनशक्तिलाई रोजगारसँग जोड्न सके विदेश जाने प्रवृत्तिलाई कम गर्न सकिने औँल्याउनुभयो । उहाँले प्रादेशिक राष्ट्रिय योजना आयोगसँग समन्वय र सहकार्य गर्दै गण्डकी प्रदेशको विकासमा आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरी दक्ष जनशक्ति उत्पादन गर्ने गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले शिक्षक तथा प्राध्यापकहरुले दार्शनिक, सैद्धान्तिक तथा राजनीतिक विचारधाराहरुलाई विश्वविद्यालय तथा उच्च शिक्षाको नीतिगत, संरचनागत र गुणस्तर सुधारका लागि सिर्जनात्मक बहसमा ल्याउनुपर्ने विद्यामान अवस्था रहेको बताउनुभयो । कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्याल, पूर्वउपकुलपतिहरु प्राडा केशर जङ्ग बराल, प्राडा खगेन्द्रप्रसाद भट्टराई, प्राडा चिरञ्जीवीप्रसाद शर्मा, नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मी, शिक्षासेवी अशोक पालिखे, पोखरा विश्वविद्यालयका पूर्वरजिष्ट्रार प्रकाशमान गुभाजु, विश्वविद्यालयका रजिष्ट्रार डा दीपकबहादुर भण्डारीलगायतले यस क्षेत्रको शैक्षिक विकासमा विश्वविद्यालयले उल्लेखनीय योगदान गरेको चर्चा गर्नुभयो।

कार्यक्रममा विश्वविद्यालयले प्रकाशन गरेको स्मारिका विमोचन गरिएको थियो। कार्यक्रममा पूर्वउपकुलपतिहरु, रजिष्ट्रार र विश्वविद्यालय स्थापनामा सहयोग गर्ने व्यक्तित्वहरुलाई सम्मान गरिएको थियो।

## धम्पुस सडक अबको दुई महिनामा काम सुरु हुने मन्त्री बरालको भनाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १ साउन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले कास्कीको धम्पुसमा निर्माण हुने प्रदेशकै नमुना सडक आगामी दुई महिनामा निर्माण कार्य सुरु हुने बताउनु भएको छ। धम्पुसको प्रगती टोल स्थित नर्मदेश्वर शिवालय मन्दिर परिसरमा आयोजित महायज्ञमा सम्बोधन गर्दै मन्त्री बरालले डोलीडाबाट निर्माण हुने धम्पुसको घट्टेखोला, देउराली, खानीगाँउ हुदै ल्वाङसम्म जाने गण्डकी प्रदेशकै एक नम्बरको रुपमा रहेको उल्लेख गर्दै आगामी २ महिना भित्र



निर्माण कार्य सुरु हुने बताउनु भएको हो । मन्त्री बरालको बिषेश पहलमा निर्माण हुने उक्त सडक निर्माणमा गुणस्तरिय र छिटो छरितो ढंगले काम गर्न स्थानियले सहजीकरण गर्नु पर्ने समेत बताउनु भयो। महायज्ञमा व्यक्तिगत रुपमा १० हजार नगद सहयोग गर्दै मन्त्री बरालले उक्त मन्दिर परियोजनका अपुरा कार्य पुरा गर्न आवश्यक सहयोग गर्ने जनाउनु भयो । करिब ५८ करोडको लागतमा निर्माण हुने


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## नर्मदेश्वर धाममा अखण्ड हरिनाम सङ्कीर्तन

**पोखरापत्र संवाददाता**
**पोखरा, १ साउन**

पोखरा महानगरपालिका-२७, २९ र ३३ को त्रिवेणी मदौरुकुना मदौरुघाटस्थित नर्मदेश्वर मोक्षाश्रमधाममा एक महिने अखण्ड हरिनाम सङ्कीर्तन आइतबारदेखि सुरु भएको छ।

कर्दम-कश्यपजस्ता ऋषिमुनिको साधनास्थलका रूपमा लिइने शुक्ला गण्डकी र बगादी नदीको सङ्गमस्थलमा रहेको यस तीर्थस्थलमा आजदेखि महिनाभर लोक कल्याणको कामना गर्दै अखण्ड हरिनाम सङ्कीर्तन सुरु गरिएको नर्मदेश्वर मोक्षाश्रमधाम संरक्षण समितिका अध्यक्ष झविन्द्रराज आचार्यले बताउनुभयो । प्राचीनकालदेखि साधकको अभिलाषा पूर्ण गर्ने तीर्थस्थलका रूपमा परिचित भए पनि यस तीर्थस्थलको आवश्यक प्रचारप्रसार भने हुन नसकेको उहाँले बताउनुभयो।

अखण्ड सङ्कीर्तनको एक कार्यक्रमकाबीच शुभारम्भ गर्नुहुँदै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा धार्मिक पर्यटनको पनि महत्वपूर्ण गन्तव्य भएको उल्लेख गर्दै यहाँका धार्मिक एवं सांस्कृतिक सम्पदाको संरक्षण र पवर्द्धनमा जोड दिइने बताउनुभयो । पोखरा-मुक्तिनाथ जाने मुख्य मार्गसमेत रहेका कारण यहाँ कलात्मक मुक्तिक्षेत्र प्रवेशद्वार निर्माण गर्ने योजना रहेको उहाँले बताउनुभयो।

स्वामी ऋषिप्रपन्नाचार्यले पछिल्लो समय धार्मिक क्षेत्रमा विभिन्न विकृति बढिरहेको उल्लेख गर्दै संस्कृतिसँग जोडिएका मठमन्दिर र गाईको संरक्षणमा जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । कार्यक्रममा पोखरा महानगरपालिकाका-७ का अध्यक्ष राममोहन आचार्य, २७ का पूर्णकुमार गुरुङ, २९ का श्रीप्रसाद गुरुङ, ३१ का ढकनाथ कँडेल र ३३ का अध्यक्ष रामचन्द्र अधिकारी, संरक्षण समितिका उपाध्यक्ष नारायणी चापागाईँ, सह कोषाध्यक्ष सुकमाया सुनार लगायतले निर्माणाधीन मन्दिरलाई पूर्णता दिनुपर्नेमा जोड दिनुभयो।

तीर्थस्थलको महत्वलाई थप उजागर गर्दै पूर्वाधार विकासका योजनालाई अघि बढाएको समितिले धाम परिसरमा द्वादश ज्योर्तिलिङ्ग स्थापना गर्ने लक्ष्यका साथ काम अघि बढाएको छ। बाह्र रोपनीमा फैलिएको मन्दिर परिसरमा सवेश्वर शिव, श्रीरामचन्द्र, श्रीकृष्ण आदि भगवान्का लीला शैलीमा आधारित कलात्मक मूर्ति रहने बताइएको छ । समितिले धाममा साधु, सन्त, वृद्धवृद्धा, ब्रम्हचारी, बटुक र भक्तजनका लागि भोजन, आवासलगायत सेवा उपलब्ध गराउँदै आएको छ । उक्त कार्यका लागि मुठ्ठीदानको आह्वान गरिएको छ । गुरुयोजनानुसार पूर्वाधार निर्माणका लागि रु आठ करोड आवश्यक पर्ने बताइएको छ।

## भारत भ्रमण फलदायी : प्रचण्ड

**रासस**
**काठमाडौं, १ साउन**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो भारत भ्रमण सफल भएको बताउनुभएको छ । तीनदिने भारत भ्रमण सम्पन्न गरेर स्वदेश फर्कने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चार कर्मीसँगको कुराकानीमा उहाँले भारतीय पक्षसँग सौहार्द्रपूर्ण वातावरणमा कुराकानी भएको बताउनुभयो ।

आफ्नो भ्रमणपछि दुई देशबीचको सम्बन्धमा सकारात्मक परिणाम आउने उल्लेख गर्दै पूर्वप्रधानमन्त्री दाहालले भ्रमणका क्रममा भएको भेटघाटले नेपालले भोग्दै आएको समस्या समाधानमा सघाउ पुग्ने बताउनुभयो । "हिजोदेखि बाँकी रहेका विषय र वर्तमानका सम्भावनाका बारेमा राम्रो कुराकानी भयो", उहाँले भन्नुभयो, "विदेशमन्त्री र विदेश सचिवसँगको छलफल पनि फलदायी रह्यो ।" भारतमा रहँदा नेपाल-भारतबीच भएको १९५० सन्धि पुनरावलोकन, नेपाल-भारत प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी) प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्ने, सीमा समस्या समाधान, डुबानसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधान, व्यापार घाटा न्यूनीकरण गर्ने विषयमा आफूले भारतीय राजनीतिक नेतृत्वसँग कुराकानी गरेको बताउनुभयो । "नेपालको विकासका सम्भावना, अवसर र चुनौतीका बारेमा खुलेर कुराकानी भयो", उहाँले भन्नुभयो, "रुसबाट कच्चा तेल सस्तोमा आउँछ, तपाईंहरूले त्यसबाट नेपाललाई दिने ढङ्गबाट सोच्नुभयो भने नेपाली जनतालाई सहयोग हुन्छ भन्ने विषयलाई मैले कुरा राखेँ ।" आफूले नेपालको विकासका लागि भारतीय पक्षसमक्ष राखेको विषय छिट्टै कार्यान्वयनमा आउने विश्वास व्यक्त गर्नुभयो । "म धेरै नै आशावादी र विश्वस्त भएर आएको छु, हामीले समस्याका रूपमा चित्रित गर्दै आएको विषय सकारात्मकरूपमा समाधान हुनेछन् ।" नयाँ दिल्लीमा रहँदा अध्यक्ष दाहालले त्यहाँस्थित नेपाली समुदायका प्रतिनिधिसँग अन्तरक्रिया गर्नुभएको थियो । उक्त अवसरमा नेपाली समुदायका प्रतिनिधिले भारत सरकारले अखिल भारत नेपाली एकता समाजलाई लगाएको पोटा कानून खारेज


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## युनाईटेड क्लवको आयोजनामा निशुल्क पाठेघर शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, १ साउन**

युनाईटेड क्लव पोखराको आयोजनामा निःशुल्क पाठेघर शिविर सम्पन्न भएको छ । सामाजिक काममा अग्रणी स्थानमा रहेको युनाईटेड क्लव पोखराले आफ्नो स्वास्थ्य कार्यक्रम अन्तर्गत शनिवार पोखरा महानगरपालिका वडा नम्बर १ कसेरी गैरी गांउ शान्तिटोलमा महिला दिदिबहिनी हरुलाई लक्षित गरी निःशुल्क पाठेघर शिविरको आयोजना गरेको हो।

सो अवसरमा वोल्दै पोखरा महानगरपालिका वडा नम्बर १ का अध्यक्ष शाहरा प्रधानले युनाईटेड क्लवले पोखरामा सामाजिक क्षेत्रमा राम्रो काम गरेको वताए । क्लवले स्थापना कालदेखीनै पोखरामा शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन र सेती नदीमा काम गर्दै आइरहेको अवस्थामा हाल आएर आफ्नो वडामा महिलाहरुको स्वास्थ्यलाई मध्ये नजर गरी पाठेघर चेकजांच शिविरको आयोजना गरेकोमा धन्यवाद प्रकट गर्दै आगामी दिनमा पनि



युनाईटेड क्लव संग सहकार्य गरेर अगाडी वढ्ने प्रतिवद्धता समेत जनाए। सो अवसरमा वोल्दै वरिष्ठ स्त्री रोग विशेज्ञ डा. रेखा पौडेलले महिलाहरुले आफ्नो स्वास्थ्य प्रति सचेत रहनुपर्ने वताउदै विशेष गरी पछिल्लो समय महिलाहरुमा पाठेघरको समस्या वढ्दो रुपमा देखिएकाले यसबारेमा विशेष ध्यान दिन दिदी बहिनीहरुलाई आग्रह गरिन। क्लवका संस्थापक अध्यक्ष हिमालय बखेलले युनाईटेड क्लवले आफ्नो सामाजिक काम अन्तर्गत स्वास्थ्यको क्षेत्रमा पोखरा १ कसेरीमा कार्यक्रम गरी महिला दिदिबहिनीहरुलाई उपचार साथै सचेतना प्रदान गर्न पाउदा निकै खुसी लागेको वताए । त्यस्तै रत्ना आमा समुहकी अध्यक्ष माया गिरीले युनाईटेड क्लव पोखराले कसेरी गैरी गाउमा आएर त्यहाँ भएका दिदी बहिनीहरुको स्वास्थ्य प्रति चासो देखाएकोमा विशेष धन्यवाद ब्यक्त गरिन।

क्लवका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वास्थ्य उपसमिति संयोजक तथा कार्य समिति सदस्य जयराम आचार्यले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रमको सञ्चालन महासचिव शान्त वहादुर थापाले गरेका थिए। सो अवसरमा १ सय ७७ जना महिला दिदिवहिनीहरुले स्वास्थ्य लाभ लिएका थिएभने ९८ जनाले एक्सरे गरेका थिए। शिविरमा वरिष्ठ स्त्री रोग विशेज्ञ डा. रेखा पौडेल, रेडियोलोजिष्ट डा. रोशन पंगेनी, डा. श्रीया थापा, डा. बिन्दु पनेरु, डा. सौरभ झा, फमेसिस्ट दिनेश सिग्देल, प्राविधिक खेमराज गिरी, प्राविधिक शान्ति देवि पौडेल, प्राविधक दुर्गा अधिकारी बाँस्तोला, नरहरी पनेरु लगाएतले सहजीकरण गरेका थिए।

सो अवसरमा रत्ना आधारभूत विद्यालयकी प्र. अ. सीता देवी थापा, टोल सुधार समितिका अध्यक्ष तोरण राणा लामा, रत्ना आमा समुहकी अध्यक्ष माया गुरुङ, शान्ति टोल आमा समूहकी कोषाध्यक्ष, राजकुमारी तामाङ, पूर्व जनप्रतिनिधि सदस्य प्रेम देवि परिवार, मुक्ति समाज की प्रतिनिधि मनमाया बि. क., क्लबका निवर्तमान अध्यक्ष लाल काजी गुरुङ, कोषाध्यक्ष सूर्य बहादुर बानिया, सचिव दिनेश सुनार, सदस्यहरु सन्तोष कार्की, विष्णु कुमार गुरुङ, चन्द्र कुमारी पराजुली, शिव थापा, आजीवन सदस्यहरु शुशिला श्रेष्ठ, सिद्धि कुमार श्रेष्ठ, कार्यालय सचिव रेजिना खत्री, लोक गायिका लक्ष्मी नेपाली र तारापति सुवेदी लगायतको सहभागीता रहेको थियो । कार्यक्रममा रत्ना आमा समुहको सहयोग रहेको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सभामुख अधिकारी र अर्थमन्त्री बरालद्धारा गोर्खाको मनकामना बहिर आवासिय विद्यालयको अवलोकन

**पोखरापत्र संवाददाता**
**पोखरा,१ साउन**

गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारी र गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले गोर्खा नगरपालिका वडा नम्बर १० मा रहेको मनकामना बहिरा आवासिय बिद्यालयको अवलोकन गर्नु भएको छ।

शनिबार गोर्खा पुग्नु भएका सभामुख अधिकारी र मन्त्री बराल सहितको टोलीले उक्त विद्यालयको अवलोकन गरेको विद्यालयका प्राचार्य अनिल अम्गाईले बताउनु भयो। प्राचार्य अम्गाईले विद्यालयको बारेमा जानकारी गराउदै तत्काल उक्त विद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको सुरक्षाको लागि कम्पाउण्ड वाल (पर्खाल) आवश्यक भएको माग गर्नु भयो। जंगलसंगै जोडिएको उक्त बिद्यालयमा पर्खाल विना जंगली



जनावारबाट विद्यार्थीहरुको भविश्य नै जोखिममा भएकोले उक्त पर्खाल निर्माण प्रकृयामा आवश्यक पहल गर्ने अर्थमन्त्री बरालले बताउनु भयो। उहाँले भन्नु भयो "आर्थिक बर्ष २०७९/०८० को बजेट त आईसक्यो, त्यही पनि कुनै शिर्शकबाट उक्त भौतिक संरचना निर्माण गर्ने बिषयमा मेरो तर्फबाट सक्दोसहयोग गर्ने छु।" मानव जीवन र स्वास्थ्यसंगै जोडिने यस्ता संवेधनशिल योजना छुनून नहुन उहाँको भनाई थियो। सुस्त श्रवण भएका तथा बहिरा मात्रै अध्ययन गर्ने उक्त बिद्यालयमा हाल १ सय ११ जना बिद्यार्थीहरु रहेको बिद्यालयका अध्यक्ष खगेन्द्र रिमालले बताउनु भयो। उक्त बिद्यालयमा हाल करिब १७ जिल्लाका बिद्यार्थीहरु अध्ययन गर्ने गरेको उनले जनाउनु भयो। शिक्षक रामकुशल पन्तले बिद्यार्थीहरुको सुरक्षाको लागि जति सक्यो छिटो पर्खाल निर्माण गर्न बिद्यालयमा अवलोकन गर्न आएको टोली समक्ष आग्रह गर्नु भयो। २०५५ सालमा स्थापना भएको बिद्यालयमा हाल १८ जना शिक्षक सहित २४ जना कर्मचारी रहेको बिद्यालयले जनाएको छ। बिद्यालयले बहिरा बिद्यार्थीहरुको लागि प्लस टु तर्फ अध्ययन गराउने उद्धेश्यले करिब २ करोड ५० लाखको लागतमा भवन निर्माण गर्न सुरु गरेको छ। उक्त बिद्यालयमा नेपाली सेना, नेपाल प्रहरी, कादुरी इन्टरनेश्नल, डिएलपिआईयू, विभिन्न संघ संस्थाको सहयोग तथा चन्दा संकलनबाट विभिन्न भवनहरु निर्माण भएको प्राचार्य अम्गाईले बताउनु भयो।

यसैबिच, उक्त टोलीमा गण्डकी प्रदेशका पूर्व मन्त्री लेखबहादुर थापा, प्रदेश सभाका सचिव हरिराज पोखरेल, जिल्ला समन्वय समिति गोर्खाका अध्यक्ष मोहन बहादुर थापा, गोर्खा नगरपालिकाका मेयर कृष्ण राना लगायतको सहभागिता रहेको थियो।

# फेमिली पिस एसोसिएसन नेपालको कास्की जिल्ला कमिटी गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १ साउन**



फेमिली पिस एसोसिएसन नेपालले विन्दुराज घिमिरेको अध्यक्षतामा सात सदस्यीय जिल्ला समिति गठन गरेको छ। समितिका अन्य सदस्यहरूमा तोयबहादुर भट्टराई, बाबुराम बराल, सरोजनारायण बराल, गोमा पराजुली, उमा भण्डारी र रामचन्द्र पोखरेल रहेका छन्।

संस्थाका राष्ट्रिय उपाध्यक्ष कृष्णप्रसाद भट्टराईको उपस्थितिमा नवगठित जिल्ला समितिका सदस्यहरूलाई खादा र टीका लगाएर सम्मान गरिएको थियो। होटल जल महलमा सम्पन्न उक्त कार्यक्रममा कास्कीका विभिन्न सङ्घसंस्थाका प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। 'आदर्श परिवार नै विश्वशान्तिको आधार' भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपालमा परम्परागत रूपमा प्रचलित तीनपुस्ते पारिवारिक संरचनालाई प्रोत्साहन गर्दै आदर्श परिवार निर्माण गर्ने उद्देश्यका साथ यस संस्थाको स्थापना भएको हो। कार्यक्रमको प्रमुख अतिथिका रूपमा उपस्थित रामपुर कृषि तथा वनविज्ञान विश्वविद्यालयका भेटनरी डिन प्रा.डा. होमबहादुर बस्नेतले पारिवारिक शिक्षाको महत्त्वमाथि प्रकाश पार्दै समाजमा सकारात्मक सोचको विकासमा संस्थाले खेलेको भूमिकाका बारेमा चर्चा गरे। उनले सकारात्मक सोचका बारेमा विशेष प्रस्तुति पनि दिएका थिए।

कार्यक्रममा एसओएस बालग्राम गण्डकीका योजना निर्देशक प्रदीपभक्त आचार्यलाई फेमिली पिस एसोसिएसन नेपालको नेसनल पिस काउन्सिलको राष्ट्रिय शान्ति समिति सदस्यमा मनोनीत गरिएको थियो।

# रामघाट क्षेत्रलाई सुन्दर बनाउन फल्चा निमार्ण र पुष्प रोपण

**पोखरापत्र संवाददाता**
**पोखरा, १ साउन**

सेतीगंगा टोल विकास संस्था, सौभाग्य महिला समुह तथा नयाँ बजार रामघाट धार्मिक क्षेत्र विकास समितिको सेतीगंगा पाटी फल्चाको उद्घाटन गरिएको छ। आईतबार आयोजित एक कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ९ का वडाध्यक्ष दिपेन्द्र मर्सानीले फल्चाको उद्घाटन गरेका हुन्।

रामघाट क्षेत्रमा हरिबोधनी एकादशीका दिन फूल तार्न जाने भक्तजनहरुबाट संकलित रकम तथा विभिन्न सहयोगी र दाताहरुबाट प्राप्त तीन लाख रुपैयको लागतमा फल्चा निर्माण गरिएको हो। मलामी गई फर्किएकाहरुको विश्रामकालागि फल्चा अर्थात पाटीको निर्माण गरिएको हो। उदघाटन कार्यक्रममा बोल्दै पोखरा महानगरापालिका वडा नं ९ का वडाध्यक्ष मर्सानीले रामघाट क्षेत्रलाई सुन्दर बनाउन र मृत्यू संस्कारका लागि रामघाट आउनेलाई स्वर्गको अनुभुति दिलाउन फल्चाको निर्माणसंगै रामघाट क्षेत्रको सौन्दर्यकरण अभियान सुरु गरिएको जानकारी दिए।



रातो कलम समाएर घुम्ने कुर्चीमा बस्न मात्रै वडाध्यक्षमा निर्वाचित नभएको प्रसंग उल्लेख गर्दै वडाध्यक्ष मर्सानीले वडाबासीको घरदैलोमा पुगेर उनीहरुको सुखदुखमा साक्षात्कार गर्न आफु निरन्तर सक्रिय रहेको जानकारी दिए। रामघाट धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष रोशन मानन्धरले रामघाट क्षेत्रलाई सुन्दर र सधै हराभरा बनाउने उद्देश्यले फुल रोप्ने कामका साथै सरसफाई अभियान संचालन गरिएको बताए। जीवनको अन्तिम सत्य मृत्यु भएको र मृत्यु पश्चात पिडामा रहेका आफन्तहरुको मन शान्त पार्न पनि स्वर्गद्धारको परिकल्पना सहित फुल रोप्ने र सरसफाई अभियान संचालन गरिएको बताए।

समितिका उपाध्यक्ष उत्तम जोशीले आफन्त विछोडिएको पिडा र दुखमा रहेकाहरुको मनमा शान्ति दिलाउन रामघाट धार्मिक क्षेत्र सौन्दर्यकरण कार्यक्रमको अवधारणा ल्याइएको जानकारी दिए। सौन्दर्यकरणकालागि एक सय वटा गमलामा फुल सारिएको र विश्रामकालागि फल्चा निर्माण गरिएको उपाध्यक्ष जोशीले बताए। कार्यक्रममा नवनिर्वाचित वडा सदस्यहरु भावना श्रेष्ठ, नन्दराम गिरी, गीता चर्मकार, लक्ष्मी पहारी, सौभाग्य महिला समुहकी अध्यक्ष विजया लामिछाने, सूचना अधिकृत लोकदर्शन कोइराला, वडा सचिव झंकनाथ पौडेल लगायतको सहभागिता रहेको थियो।

# पुतलीबजारको निर्णय : पटके सवारी कर खारेज

**पोखरापत्र संवाददाता**
**स्वास्थ्य, १ साउन**

स्थानीय सरकारले राजस्वको दायरा बढाउन पटके सवारी कर उठाउने गरेका छन्। नयाँ आर्थिक बर्ष शुरु हुने वित्तिकै नयाँ कर प्रणाली लागु गर्दै पटके सवारी कर लिदै आएका छन्।

नयाँ आर्थिक बर्ष शुरुवातमा पुतलीबजार नगरपालिकाले भने पटके सवारी कर खारेज गने निर्णय गरेको छ। शनिबार बसेको कार्यपालिका बैठकले पुतलीबजार नगर क्षेत्रभित्र सडक उपयोग गरे वापत लिइने शुल्क नलिने निर्णय भएको नगरपालिकाले जनाएको छ। गएको आर्थिक बर्षमा विवादमा आएको पटके सवारी कर नयाँ जनप्रतिनिधि आउना साथ खारेज गर्ने निर्णय भएको छ। स्थानीय पालिकाले जथाभावी कर लिन थाले भन्ने गुनासो आइरहेका बेला पटके सवारी कर नलिने भन्दै जिल्लामै पहिलो पटक पुतलीबजार नगरपालिकाले यस्तो निर्णय गरेको हो। सवारी कर खारेज गर्ने निर्णय भएसँगै पुतलीबजार नगरवासी खुशी भएका छन्।

योसँगै एकै सडकमा ओहोर दोहोर गर्दापिच्छे कर बुझाउनुपने प्रचलनको अन्त्य भएको नगर प्रमुख तुलसीराम रेग्मीले जानकारी दिए।

चुनावी घोषणापत्र अनुरुप पटके सवारी कर खारेज गरेको उनको भनाइ छ। पटके कर तिनुपरेको गुनासा चुनावी अभियानमा घरदैलो गर्ने क्रममा स्थानीयबासीले उठाउदै आएका थिए नगर प्रमुख रेग्मीले भने,' स्थानीयको मागलाई सम्वोधन गर्नुपर्छ भनेर पटके कर खारेज गरेका हौ।' नागरिकलाई सास्ती हुने खालका करका दायराहरु घटाउने प्रयासमा हामी लागेका छौं उनले भने। योसँगै बाडखोला-दुलेगौडा ग्रामिण सडक, प्रगतीनगर-बहाकोट ग्रामिण सडक, स्याङ्जा-पुतलीखेत-लाम्पाटा-टिकाजा-सतौं-आरुचौर ग्रामिण सडक, प्रगतीनगर-घुम्ति चिसापानी ग्रामिण सकड, सुम्रेखोला- नुहार भन्ज्याङ-अर्जुनचौपारी ग्रामिण सडक, जाँडखोला-पेल्काचौर ग्रामिण सडक, स्याङ्जा बजार-हुनिकोट ग्रामिण सडक, पुतलीखेत-ठूलीवेशी उनियाचौर-नागडाँडा सडकलगायत अन्य सडकमा समेत सवारी शुल्कवापतको रकम उठाउन र ढाँट तेर्स्याउन नपाउने गरी निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत रमेश घर्तीले जानकारी दिए। यसअघि सडक मर्मतसम्भार भन्दै बिभिन्न ८ प्रकारका मुख्य सडकहुदै भित्री सडक छिर्ने मार्गमा सवारी साधन अनुसारका कर लगाउदै आएको थियो। यसैबाट पालिकाले लाखौं रुपैयाँ राजश्व संकलन गर्थ्यो।




नागरिकलाई पटक्कै पिच्छे करलगाउने समस्याले हैरानी हुदै आएको भन्दै पुतलीबजार नगरपालिकाले पटके सवारी कर उठाउने निर्णय खारेजी गरेकोमा नेपाली काँग्रेस पुतलीबजार नगर समितिले यसको स्वागत गरेको छ। नेपाली काँग्रेस पुतलीबजार नगर समितिले असार १५ गते ज्ञापनपत्र बुझाउदै पटके सवारी कर हटाउन ज्ञापनपत्र बुझाएको थियो। समितिले बुझाएको ज्ञापनपत्रको कदर गर्दै नगरपालिकाले नागरिकलाइ करको बोझ घटाउने निर्णय प्रति नेपाली काँग्रेस पुतलीबजार नगर समिति आभार व्यक्त गर्दछ सभापति सुरजकुमार अधिकारीले हस्ताक्षर गरेको पत्रमा उल्लेख गरेको छ।

पटके करमुक्त नगरपालिका बनाउन काँग्रेसले ज्ञापनपत्र बुझाएको थियो। सो सगै एकिकृत सम्पती करको दायरा पनि घटाउन माग गरेको थियो। अनावश्यक कर लगाउदा स्थानीय सरकारबाट स्थानीय जनता आक्रान्त भएका बेला पटके कर हटाउनुले पनि नागरिकले राहत महशुष गरेको सभापति अधिकारीले बताएका छन्।

## धम्पुस...

उक्त योजनाको डिपिआर समेत भई अब टेण्डरको अन्तिम चरणमा रहेको उहाँले जनाउनु भयो। उक्त सडक निर्माणले समग्र धम्पुस बासी र माछापुच्छ्रे गाउँपालिकाको चक्रपथ जोड्न थप सहयोग पुग्ने मन्त्री बरालले विश्वास व्यक्त गर्नु भयो। माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ७ का वडा अध्यक्ष बैकुण्ठ भण्डारीले प्रदेशको एक नम्बरको सडकको रुपमा धम्पुस सडक परेकोले उक्त सडक निर्माणमा स्थानिय रुपमा पूर्ण रुपमा सहयोग हुने बताउनु भयो। नर्मदेश्वर शिवालय मन्दिर परिसरमा धर्मशाला(सत्तल) अतिथि गृह निर्माण एवं अक्षयकोष स्थापनार्थ श्रीमदभागवत महापुराण सप्ताह ज्ञान महायज्ञ तथा धार्मिक महोत्सव आयोजना गरिएको समितिका अध्यक्ष देब बहादुर गुरुङले बताउनु भयो।

असार २७ गते देखि संचालन भएको महायज्ञमा कथा शिरोमणि पण्डित दीपक प्रसाद पौडेलले कथा प्रवचन गर्नु भएको छ। साउन २ सोमबारसम्म चल्ने महायज्ञमा विभिन्न झाँकी सहितको भजन कृतन समेत हुने गरेको स्थानिय डिल्लिराम भण्डारीले बताउनु भयो।

## भारत...

गर्नुपर्ने, प्रवासी नेपालीहरूलाई पनि मताधिकारको व्यवस्था गर्नुपर्ने र प्रवासी नेपालीहरूलाई सरकारले गर्ने विभेदपूर्ण व्यवहार सच्याउनुपर्ने लगायत विषय उठाउनुभएको थियो। शनिबार उहाँले भारतीय विदेशमन्त्री एस जयशङ्करसँग भेट गरी दुई देशबीचका दुईपक्षीय हितका विषयमा कुराकानी गर्नुभएको थियो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# सर्वोच्चको सान्दर्भिक आदेश

सर्वोच्च अदालतले आगामी निर्वाचनमा सरकारी कर्मचारी र सुरक्षाकर्मीलाई समानुपातिक निर्वाचन अन्तर्गत भोट दिन पाउने गरी मतदाता नामावली संकलन गर्न सरकारलाई आदेश दिएको छ। नेपालको संविधान २०७२ जारी गर्नु अघि संविधानसभाको निर्वाचनमा सेना, प्रहरी र कर्मचारीले समानुपातिकमा मतदान गर्न पाउने ब्यवस्था थियो । निर्वाचन गराउन खटिने कर्मचारी, प्रहरी र सेनाले मतदान गर्न नपाउने ब्यवस्था उचित थिएन । जहा मतदाता नामावली छ त्यहीँ गएर मतदान गर्न पाउने हो भने निर्वाचन गराउन उनीहरूलाई खटाउन हुँदैन । जस्ले निर्वाचन गरायो उस्ले मतदान गर्न नपाउँदा संविधान प्रदत्त अधिकार विपरीत थियो । संविधानले दिएको अधिकार दिलाउन कानुनका विद्यार्थीहरू प्रदिक्षा कार्की र निशान्त पोखरेलले दायर गरेको रिटमा सुनुवाइ गर्दै आइतबार न्यायाधीश विश्वम्भर श्रेष्ठको इजलासले यस्तो आदेश गरेको छ ।

कार्की र पोखरेलले प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा समानुपातिक तर्फ सरकारी कार्यालय वा सरकारको नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी नेपाली सेना, प्रहरी र निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीको मताधिकार सुनिश्चित गर्न माग गर्दै रिट दिएका थिए । उक्त रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश श्रेष्ठको इजलासले संविधानले नै प्रत्येक बालिग नागरिकको मताधिकार सुरक्षित गरेकोले कानुन अनुसार अस्थायी नामावली संकलन गर्न भनेको छ। अस्थायी मतदाता नामावली संकलन गर्ने काम भएमा दुर्गममा खटिएका सेना, प्रहरी र कर्मचारीको मतले प्रदेशको समानुपातिकमा केही फेरबदल आउन सक्नेछ ।

'असार १ गतेदेखि मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य सुचारू गरेको परिप्रेक्ष्यमा आगामी हुने प्रतिनिधिसभा तथा प्रदेशसमा सदस्य निर्वाचनमा समानुपातिकतर्फको निर्वाचन प्रयोगनको लागि मतदाता नामावली ऐनको अस्थायी मतदाता नामावलीको व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक प्रक्रिया प्रबन्ध तथा व्यवस्थापन मिलाई तत्पश्चात् उक्त ऐनको दफा ३० (१)(२) को भावना अनुसार अस्थायी मतदाता नामावली संकलन गरी गराई मतदानको अधिकार गर्न पाउने व्यवस्था गर्नु गराउनु,' इजलासको आदेशमा भनिएको छ। आफ्नो प्रतिनिधि चुन्न पाउने अधिकार जहाँ काम गरिन्छ त्यहीँबाट मतदान गर्न पाउने कानुनी ब्यवस्था गर्न सर्वोच्च अदालतले दिएको निर्देशन पालना भएको छैन । सर्वोच्चले दिएको आदेश कार्यान्वयन गर्न निर्वाचन आयोगले सक्रियता देखाएमा सरकारले विदेशमा रहेका नेपाली मतदाताले मतदान गर्न पाउने अवस्था बनाउन सरकार र राजनीतिक दललाई दबाब पुग्नेछ ।

# मृतकका परिवारलाई राहत

**पोखरापत्र संवाददाता**
**तनहुँ, १ साउन**

स्वास्थ्य कार्यालय तनहुँले कोरोनाबाट मृत्यु हुनेको परिवारलाई राहत वितरण गरेको छ । कोरोनाबाट मृत्यु हुनेको परिवारलाई राहत दिने गण्डकी प्रदेश सरकारको निर्णयबमोजिम कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा रु ६८ लाख ५० हजार राहत प्रदान गरेको हो ।

कार्यालयले कोरोनाबाट मृत्यु भएका १३७ जनाका परिवारलाई रु ५० हजारका दरले राहत रकम वितरण गरेको कार्यालय प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिका परिवारलाई आर्थिक सहायता उपलब्ध गराउनेसम्बन्धी अवधारणापत्र २०७८ बमोजिम राहत प्रदान गरिएको उहाँले बताउनुभयो ।

कार्यालयले जिल्लाका १० वटै पालिकामार्फत कोरोनाबाट मृत्यु हुनेको विवरणसहित निवेदन माग गरेको थियो । उहाँका अनुसार अस्पतालमा मृत्यु भएका व्यक्तिका परिवारलाई मात्रै राहत रकम वितरण गरिएकोछ। "कार्यविधिअनुसार अस्पतालमा मृत्यु भएका व्यक्तिका परिवारले मात्र आर्थिक सहायता दिइएको छ, होमआइसोलेशनमा मृत्यु भएकाले रकम पाउँदैनन्", उहाँले भन्नुभयो ।

आर्थिक सहायता प्राप्त गर्नका लागि मृतकका परिवारले कोभिड-१९ पोजेटिभ भएको रिपोर्ट, अस्पतालमा मृत्यु भएको प्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक सहायता दाबी गर्ने मृतकको नजिकको नातेदारको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, नजिकको नातेदारको मृतकसँगको नाता प्रमाणित अनिवार्य पेश गर्नुपर्ने प्रावधान थियो ।

आर्थिक राहत लिनका लागि १६९ जनाका परिवारले निवेदन दिए पनि अन्यको कागजात नमिलेका कारण राहत प्रदान गर्न नसकिएको कार्यालयले जनाएको छ । "कागजात नमिलेका कारण अन्यलाई राहत दिन सकेका छैनौं, तनहुँ ठेगाना भई एक जना विदेशमा मृत्यु भएकाका परिवार र प्रक्रिया पुगेका दुई जनालाई पनि राहत रकम वितरण गर्न बाँकी छ", कार्यालय प्रमुख अधिकारीले भन्नुभयो । प्रदेश सरकारले कोरोनाबाट मृत्यु भएकाका परिवारलाई राहत रकम दिए पनि जिल्लाका पालिकाले पनि राहत रकम वितरण गरेका थिए । विभिन्न पालिकाले आफ्ना पालिकाभित्रका नागरिकको परिवारलाई राहत रकम प्रदान गरेका थिए । तनहुँमा कोभिड-१९ बाट १६१ जनाको मृत्यु भएको छ । त्यसमध्ये ६४ महिला र ९७ पुरुष छन् ।

# लुतो फालेर मनाइयो साउने (कर्कट) सङ्क्रान्ति

**रासस**
**काठमाडौं, १ साउन**

असार महिनामा धान रोप्दा लागेको हिलो पखाली छाला रोग नलागोस् भन्ने कामनाले आइतबार साँझ घरघरमा लुतो फालिएको छ ।

नेपालीले परम्पराअनुसार कागभलायो, कुकरडाइनो, लुतेफार, पानीअमला, कागती, अम्बा, नासपाती आदि औषधिका रूपमा समेत प्रयोग हुने वनस्पति राखेर कण्डारक नाम गरेका राक्षसको पूजा गरी बेलुकी अगुल्टो फाल्ने विधि छ । यसलाई लुतो फाल्ने भनिन्छ । यो विधि साउने सङ्क्रान्तिको बेलुकी सम्पन्न गरिन्छ ।

अधिकांश नेपाली खेतीमा लाग्ने भएकाले असार महिनाभर कृषि कर्ममा व्यस्त हुन्छन् । त्यस क्रममा हिलो मैलोले लाग्ने छालासम्बन्धी रोग ठीक गर्न लुतो फाल्ने गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ ।

लुतो फाल्दा आ-आफ्नो कुल परम्परानुसार नाङ्लो ठटाउने, शङ्ख फुक्ने, घण्ट बजाउने, ढोका बन्द गर्ने चलन नेपाली समाजमा छ ।

सूर्यले मिथुन राशिको भोग पूरा गरी कर्कट राशिमा प्रवेश गर्ने पहिलो दिन आइतबार देशभर साउने सङ्क्रान्ति पर्व मनाइएको हो ।

साउनदेखि नै सूर्य दक्षिण हुँदै हिँड्ने भएकाले आजैदेखि दक्षिणायन सुरु हुन्छ । माघ १ गते सुरु हुने उत्तरायण र साउन १ गते सुरु हुने दक्षिणायनका दिनलाई विशेष रूपमा मनाउने गरिन्छ । एक महिना काम गर्ने किसान साउन १ गते आफन्तका साथ जम्मा भई रमाइलो गरेर मनाएका छन् ।

साउन महिनालाई विशेषरूपमा भगवान् शिवको पूजा गरेर मनाइन्छ । महिलाले हरियो चुरालगायत कपडा लगाएर प्रकृतिसँग नजिक भएको देखाउने गरिएको पनि धर्मशास्त्रविद् गौतमले बताउनुभयो । साउन महिनाभर देशभरका शिवालय विशेषगरी पशुपतिनाथ मन्दिरमा भक्तजनको विशेष भीड लाग्छ। साउन महिना शिवजीको र सोमबारलाई शिवको बार भनिन्छ । यसैले साउन महिना एवं सोमबार शिवालयमा भक्तजनको विशेष भीड लाग्ने गरेको हो ।

यस अवसरमा पशुपतिनाथ मन्दिरमा आज बिहानैदेखि भक्तजनको भीड लागेको छ । विगतका दुई वर्ष कोरोनाका कारण भक्तजनका लागि मन्दिर प्रवेशमा रोक लगाइएको थियो। साउन २ गते यस वर्षको पहिलो सोमबार परेकाले भक्तजनका लागि विशेष तयारी गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।


## राहदानी हरायो

मिति २०७९ असार १ गते पोखराबाट स्याङ्जातर्फ आउँदै गर्दा मेरो निम्न ब्यहोराको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा सम्पर्क गर्नुहोला ।

नाम : शुशिल सिग्देल
ठेगाना : अर्जुन चौपारी-५, स्याङ्जा
पासपोर्ट नं. १०३५७५३८
मो. : ९८६०२३६७७३


# बन्दीपुर अस्पतालका लागि चिकित्सक र उपकरण माग

**पोखरापत्र संवाददाता**
**दमौली, १ साउन**

तनहुँको बन्दीपुर गाउँपालिकाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग बन्दीपुर अस्पतालका लागि चिकित्सक र उपकरण माग गरेको छ ।

बन्दीपुर अस्पतालमा विगत लामो समयदेखि मेडिकल सुपरिटेण्डेन्ट पद रिक्त रहेको साथै स्थायी दरबन्दीमा रहेका मेडिकल अधिकृत (आठौं तह) दुवै अध्ययनमा रहेकाले गाउँपालिकाले मन्त्रालयसँग चिकित्सक माग गरेको हो । अस्पतालमा हाल करारमा कार्यरत चिकित्सकहरूको पनि सेवा समाप्त हुने अवधि नजिक रहेकाले दैनिक स्वास्थ्य सेवा प्रवाहमा अप्ठ्यारो परेको गाउँपालिकाका अध्यक्ष अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो । "अस्पतालमा चिकित्सक अभाव र स्वास्थ्य सेवा प्रवाहमै समस्या आउने भएपछि स्वास्थ्य सचिवलाई भेटी चिकित्सकको माग गरेका हौं", उहाँले भन्नुभयो। अस्पतालमा मेडिकल सुपरिटेण्डेन्टसहित छ मेडिकल अधिकृतको दरबन्दी रहेकामा अस्पताल लामो समयदेखि मेडिकल सुपरिटेण्डेन्टविहीन छ । दुई जना मेडिकल अधिकृत छात्रवृत्तिमा अध्ययनका लागि बिदामा छन् । हाल तीन मेडिकल अधिकृत कार्यरत छन् ।

छात्रवृत्तिका लागि गएका दुई चिकित्सकको दरबन्दी प्रदेशमा स्थानान्तरण गरी दुई चिकित्सक नियुक्तिका लागि मन्त्रालयसँग अनुरोध गरिएको अस्पताल व्यवस्थापन समितिका थापाले बताउनुभयो । "अस्पतालबाट सबै विवरणसहित पत्र लेखेर मन्त्रालयमा पठाएपछि उनीहरूलाई प्रदेशमा स्थानान्तरणका लागि सहयोग गर्ने स्वास्थ्य सचिवबाट प्रतिबद्धता आएको छ, त्यसपछि त्यस ठाउँमा अर्को चिकित्सक नियुक्ति हुनेछ", उहाँले भन्नुभयो । विसं २०२२ मा स्थापना भएको बन्दीपुर अस्पतालको भवन जीर्ण भएकाले भवन निर्माणका लागि बजेट विनियोजन गरिदिन पनि मन्त्रालयसँग माग गरिएको छ । विसं २०७२ को भूकम्पका कारण पनि भवनमा थप क्षति भएकाले सेवा प्रवाहका कठिनाइ भएको गाउँपालिकाका अध्यक्ष थापाले बताउनुभयो ।

"स्थापनाकालदेखि निर्मित भवनबाट नै हालसम्म सेवा सञ्चालन भइरहेको र भवन जीर्ण भइसकेको अवस्था छ, नयाँ भवन निर्माण गर्नुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो । यसै राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रसँग क्षयरोगी पहिचानकालागिजेनेक्सपर्टउपकरण माग गरिएको छ ।

बन्दीपुर अस्पतालमा क्षयरोगीको सङ्ख्या दिनानुदिन बढ्दै गइरहेको र बन्दीपुरमै डिआर होम सञ्चालनमा रहेकाले क्षयरोगी पहिचानका लागि उक्त उपकरण आवश्यक भएको जनाइएको छ । बन्दीपुर अस्पतालमा तनहुँका अतिरिक्त गोरखा, लमजुङबाट पनि क्षयरोगी उपचारका लागि आउने गरेका छन् ।

# गजल, कविता, साहित्य लेखिएका सवारीसाधान कारबाहीमा

**पोखरापत्र संवाददाता**
**दमौली, १ साउन**

जिल्ला ट्राफिक कार्यालयले सवारी साधनमा गजल, कविता तथा समाजमा विकृति ल्याउने किसिमका साहित्य लेखिएका ३५० सवारी साधनलाई कारबाही गरेको छ ।

उक्त सवारी साधानलाई कारबाहीस्वरुप जरिवाना गर्दा रु एक लाख ५० हजार सङ्कलन भएको सो कार्यालयले जनाएको छ । सवारी साधनमा लेखिएका अश्लिल, अपाच्य गालीगलौच, कानूनविपरीत तथा समाजमा विकृति ल्याउने किसिमका कविता, गजल र साहित्यलगायतका लेख हटाउन थालेको हो । अगाडिका सवारी साधनमा लेखिएका त्यस्ता लेखप्रति पछाडि गुडिरहेका अन्य सवारी चालकको ध्यान जाँदा दुर्घटना हुने गरेको पाइएकाले यस्ता लेख हटाउन अभियानकैरुपमा लागेको ट्राफिक प्रमुख प्रहरी नायब निरीक्षक गोकर्ण नेपालले जानकारी दिनुभयो ।

सवारी साधनमा समाजमा पच्न नसक्ने तथा विभिन्न वर्ग, समुदायलाई असर पर्ने लेख र दुईअर्थी शब्द देखिने गरेकाले अभियानमार्फत हटाउन थालेको उहाँले बताउनुभयो। उक्त अभियानले सवारी दुर्घटनामा न्यूनीकरण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । यस किसिमका साहित्य लेखिएका सवारी साधनलाई रोकेर स्टीकर भए उप्काएर हटाउने र लेखिएको भए मेटने कार्य गरिएको छ ।

त्यसैगरी ट्राफिक प्रहरीले सवारी साधनका सिसामा कालो प्लाष्टिक टाँस्ने गरेको पाइएकाले त्यस्ता कार्यलाई समेत बन्देज लगाएको छ । सवारी साधनमा कालो स्टीकर टाँस्दा भित्र के भइरहेको छ भन्ने देख्न नसकिने भएकाले हटाउन लगाइएको प्रहरी नायब निरीक्षक नेपालले जानकारी दिनुभयो ।

# दूधको उत्पादनका आधारमा किसानलाई ८७ लाख अनुदान

**पोखरापत्र संवाददाता**
**वालिङ, १ साउन**

स्याङ्जाको गल्याङ नगरपालिकाले दूधको उत्पादनका आधारमा प्रतिलिटर १५ रुपैयाँका दरले किसानलाई रु ४६ लाख ९९ हजार अनुदान दिएको छ । नगरपालिकाले गत आर्थिक वर्ष २०७८/०७९ मा मात्रै पाँच लाख ७९ हजार ९३४ लिटर दूधमा प्रतिलिटर १५ रुपैयाँका दरले किसानलाई रु ४६ लाख ९९ हजार अनुदान दिएको गल्याङ नगरप्रमुख गुरुप्रसाद भट्टराईले बताउनुभयो ।

गल्याङ नगरपालिकाभित्रका विभिन्न दूध सङ्कलन केन्द्रमा नेपाल सरकारको दूध विकास संस्थानले निर्धारण गरेको मूल्यमा दूध उपलब्ध गराउने किसानलाई उत्पादनका आधारमा प्रोत्साहनस्वरूप प्रतिलिटर रु १५ उपलब्ध गराउने निर्णयानुसार गत आवमा सो बराबरको रकम दिइएको उहाँले बताउनुभयो ।

"सामूहिक वा व्यक्तिगतरूपमा दूध उत्पादन गर्नतर्फ किसानलाई आकर्षित गराउनका लागि प्रोत्साहनस्वरूप प्रतिलिटर दूधमा रु १५ अनुदानको व्यवस्था गरेका छौँ", उहाँले भन्नुभयो, "उत्पादित दूध तथा दूधजन्य पदार्थको बजारीकरणको जिम्मा पनि नगरपालिकाले लिनेछ, उत्पादित दूध बिक्री हुँदैन कि भन्ने चिन्ता नलिनुहोस् ।" नगरपालिकाले चालु आव २०७९/०८० का लागि पनि दूध उत्पादनका आधारमा अनुदान कार्यक्रमलाई निरन्तरता दिँदै रु एक करोड विनियोजन गरेको उहाँले बताउनुभयो । नगरपालिकाले किसानलाई उत्पादनका आधारमा अनुदान रकम उपलब्ध गराउँदै आएको नगरउपप्रमुख हेमा न्यौपानेले बताउनुभयो । दूध उत्पादन तथा दूधजन्य पदार्थको उत्पादनमा जोड दिइएको र उत्पादित दूध तथा दूधजन्य पदार्थको बिक्री वितरणको जिम्मा नगरपालिकाले लिएकाले पनि यहाँका पशुपालक किसान उत्साहित भएर अगाडि बढ्नुभएको उपप्रमुख न्यौपानेको भनाइ थियो। किसानले अनुदान प्राप्त गर्ने र बजारीकरणको समस्या नभएपछि उत्पादन वृद्धि गर्नतर्फ लागेको उपप्रमुख न्यौपानेले जानकारी दिनुभयो । गल्याङ नगरपालिकाका विभिन्न १८ दूध सङ्कलन केन्द्रमा आबद्ध एक हजार ३३ किसानलाई नगरपालिकाले प्रतिलिटर रु १५ का दरले अनुदान रकम उपलब्ध गराएको पशु शाखा प्रमुख सुशील अर्यालले जानकारी दिनुभयो ।

यहाँका किसानले उत्पादन गरेको दूधमध्ये ४७ हजार ७५० लिटर दूध स्थानीय बजारमै खपत भएको छ । स्थानीय बजारमा खपत भएर बाँकी रहेको पाँच लाख ३२ हजार १८४ लिटर दूध जिल्लाबाहिर बुटवल दूध विकास संस्थान र पोखरास्थित सुजल डेरीमा बिक्री भएको शाखा प्रमुख अर्यालले बताउनुभयो । "किसानले उत्पादन गरेको दूध आफूलाई पायक पर्ने जुन सङ्कलन केन्द्रमा ल्याउनु हुन्छ सोही केन्द्रमार्फत चार पटक अनुदान रकम भुक्तानी गरेका हौँ", शाखा प्रमुख अर्यालले भन्नुभयो, "नगरपालिकाले दूधमा अनुदानसँगै पशुपालन गर्ने व्यावसायिक किसानका लागि ब्याजमा चार प्रतिशत अनुदान, निःशुल्क पशु बीमा, निःशुल्क घाँसको बीउ वितरण गर्नुका साथै महामारीजन्य रोगका विरुद्ध निःशुल्क खोप अभियान सञ्चालन गर्दै आएका छौँ ।"

नगरपालिकाले उपलब्ध गराएको अनुदानतर्फ बढी दूध बिक्री गर्नेमा फर्मतर्फ विन्दवासिनी दूध उत्पादक फर्म र व्यक्तिगतरूपमा नरमाया गुरुङ रहनुभएको छ । एकातिर दूधको उचित मूल्य पाइने र अर्कोतिर उत्पादित दूधको बजारीकरणको कुनै समस्या नभएपछि पशुपालनमा उत्साह थपिएको व्यावसायिक पशुपालक किसान रनमाया गुरुङले बताउनुभयो । "अनुदान रकमले व्यवसायप्रति थप हौसला र उत्प्रेरणा जगाएको छ, यो पेशाबाट निक्कै खुसी र सन्तुष्ट पनि छु ।" किसानलाई थप व्यावसायिक बनाउँदै आत्मनिर्भरतर्फ अगाडि बढाउनका लागि टेवा पुग्ने विश्वास विन्दवासिनी दूध उत्पादक फर्मका सञ्चालक दूध व्यवसायी ईश्वर बस्यालको छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाव | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# म्याग्दीका पालिकाले घटाए बेरुजु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १ साउन**

म्याग्दीका स्थानीय तहहरूले बेरुजु घटाएका छन् । महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनका अनुसार चार वर्षअघिको तुलनामा अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा जिल्लाका छवटा स्थानीय तहको बेरुजु रकम घटेको हो । आव २०७४/७५ मा रु नौ करोड चार लाख ८६ हजार, २०७५/७६ मा रु १० करोड ५० लाख ६१ हजार र २०७६/७७ मा रु आठ करोड ५५ लाख २७ हजार बेरुजु देखिएको थियो ।

सो कार्यालयले गत हप्ता सार्वजनिक गरेको ५९औं वार्षिक प्रतिवेदन-२०७९ मा जिल्लाका स्थानीय तहको कूल बेरुजु रकम रु पाँच करोड चार लाख ३५ हजार छ । आव २०७७/७८ मा राज्यकोषबाट खर्च भएको रु पाँच अर्ब ६५ करोड ९८ हजार बजेटको लेखा परीक्षण गर्दा शून्य दशमलव ८९ प्रतिशत बेरुजु देखिएको हो । कार्ययोजना बनाएर पुरानो बेरुजु असुलउपर, कागजात, प्रक्रियामा कडाइ गरिएपछि बेरुजु घटेको रघुगङ्गा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो ।

"नपुगेका कागजात पूरा गरेमा र असुलउपर गरेमा नियमित गर्नुपर्ने बेरुजु फछ्र्यौट हुन्छ", उहाँले भन्नुभयो, "बेरुजु बढ्न नदिन, पेस्की र असुल गर्नुपर्ने बेरुजु फछ्र्यौट गर्न कार्ययोजना बनाएर कार्यान्वयन गरेका छौं ।"

आर्थिक वर्षको अन्तिममा ठूलो मात्रामा बजेट खर्च गर्दा प्रक्रिया पूरा नगरेको, रकमान्तर नगरी विनियोजितभन्दा फरक शीर्षकमा बजेट खर्च गरेको, सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी बिनाप्रतिस्पर्धा सामग्री खरिद र योजनाका काम गर्दा बेरुजु देखिएको महालेखाले टिप्पणी गरेको छ । रु ७९ करोड ८० लाख ४० हजारको लेखापरीक्षण भएको मालिका गाउँपालिकामा जिल्लामा सबैभन्दा बढी रु एक करोड ३९ लाख ९१ हजार बेरुजु देखिएको छ । रघुगङ्गा गाउँपालिकामा रु ७६ करोड ९० लाख ६५ हजारको लेखापरीक्षण गर्दा जिल्लामा सबैभन्दा कम रु ३६ लाख २७ हजार बेरुजु देखिएको छ ।

बेनी नगरपालिकाले खर्चेको रु एक अब २१ करोड ५३ लाख ९० हजारको परीक्षण गर्दा रु एक करोड ३९ लाख ५२ हजार, अन्नपूर्ण गाउँपालिकाको रु ८९ करोड दुई लाख ५७ हजार लेखापरीक्षण गर्दा रु ६४ लाख ८३ हजार बेरुजु देखिएको छ । धवलागिरि गाउँपालिकाको रु एक अर्ब १३ करोड १७ लाख ६५ हजार बजेटको लेखापरीक्षण गर्दा रु ८३ लाख ३४ हजार र मङ्गला गाउँपालिकाको रु ८४ करोड ५५ लाख ८१ हजारको परीक्षण गरिएकामा रु ४० लाख ४८ हजार बेरुजु देखिएको छ ।

५८औं प्रतिवेदनमा बेनी नगरपालिकामा रु दुई करोड आठ लाख, रघुगङ्गा गाउँपालिकामा रु एक करोड ७० करोड ८२ हजार, अन्नपूर्ण गाउँपालिकाको रु ६२ लाख ८७ हजार, धवलागिरि गाउँपालिकामा रु एक करोड ५७ लाख आठ हजार, मालिका गाउँपालिकामा रु एक करोड ३० लाख ५७ हजार र मङ्गलाको रु एक करोड २५ लाख ९३ हजार बेरुजु थियो ।

बेनी नगरपालिका, रघुगङ्गा, मङ्गला र धवलागिरि गाउँपालिकाले बेरुजु नियन्त्रण र फछ्र्यौटमा सुधार गरेका छन् । मालिका र अन्नपूर्ण गाउँपालिकामा बेरुजु उकालो लागेको छ । म्याग्दीको सदरमुकामसँगै रहेको पर्वतको जलजला गाउँपालिकाको रु ८७ करोड २१ लाख २६ हजार लेखापरीक्षण गर्दा रु ८० लाख ९२ हजार बेरुजु देखिएको छ । ५८औं प्रतिवेदनमा जलजलामा रु ९९ लाख २६ हजार बेरुजु थियो ।

# सरकारले आयाल निगमलाई सात अर्ब ऋण दिने

**रासस**
**काठमाडौं, १ साउन**

सरकारले पेट्रोलियम पदार्थको आपूर्तिलाई सहज तुल्याउन नेपाल आयल निगमलाई रु सात अर्ब ऋण लगानी गर्ने भएको छ ।

मन्त्रिपरिषद्को असार ३१ गते बसेको बैठकले पेट्रोलियम पदार्थको मूल्य समायोजन भएका कारण नेपाल आयल निगमले इण्डियन आयल कर्पोरेशन लिमिटेडलाई भुक्तानी दिनका लागि उक्त रकम दिने निर्णय गरेको हो । मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आज सञ्चार तथा सूचना प्रविधिमन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले निगमले इण्डियन आयल निगम कर्पोरेशनलाई भुक्तानी दिन रकम अपुग भएकाले अर्थमन्त्रालयले त्यसबापतको रकम उपलब्ध गराउने निर्णय गरेको जानकारी दिनुभएको हो । बैठकले पेट्रोलियम पदार्थमा पूर्वाधार करबापत मूल्य समायोजन भएको रुकम रु ५९ करोड ८६ लाख ८० हजार अनुदानस्वरुप उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत नेपाल आयल निगमलाई उपलब्ध गराउने निर्णय गरेको छ । मन्त्रिपरिषद् बैठकले माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको वित्तीय व्यवस्थापनको म्याद मन्त्रिपरिषद् बाट निर्णय भएको मितिले दुई वर्ष पथ गर्ने निर्णय गरेको छ । राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक कुलदेव थापालाई अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा बढुवा गर्ने पनि बैठकले निर्णय गरेको छ । सरकारले विभिन्न १० वस्तुको पैठारीमा लगाइएको बन्देजलाई भदौ १४ गतेसम्म निरन्तरता दिने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री कार्कीले बताउनुभयो ।

मन्त्रिपरिषद्ले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेश गर्न स्वीकृति प्रदान गरेको छ । मन्त्रिपरिषदले बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको राहत प्रदान गर्ने र सो रोग नियन्त्रणमा खटाइएकालाई प्रोत्साहन सुविधा प्रदान गर्ने मापदण्ड स्वीकृत गरिएको छ । त्यसैगरी बैठकले मेलम्ची खानेपानी आयोजनाको सुरुङ परीक्षण गर्ने क्रममा दुर्घटनामा परी दिवङ्गत हुनुभएका इ.सतिशकुमार गोइत र सवारी चालक राधाकृष्ण थापा मगरको परिवारलाई क्षतिपूर्तिस्वरुप रु पाँच/पाँच लाखका दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ । बैठकले जुरे पहिरोपीडित समुदायका लागि जनस्तरबाट सङ्कलित रकम फुकुवा गर्न स्वीकृत दिएको छ । कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ३५ अनुसार सर्वोच्च अदालतको फैसलाबाट अन्तिम कसुरदार ठह भई भक्तपुर जिल्ला साविक कटुञ्जे गाविस- २ स्थित ४-१-३-० रोपनी जग्गा कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको नाममा दाखिल खारेज गर्ने निर्णय गरिएको छ । मन्त्रिपरिषद्ले लुम्बिनी गार्डेन फाउण्डेसनले उपलब्ध गराउने प्रस्ताव गरेको जाडेइट स्टोनको बुद्धमूर्ति उपहारस्वरुप स्वीकार गर्ने निर्णय गरेको छ । नेपाल र इटालीका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्नेसम्बन्धी समझदारीपत्रमा नेपाल सरकारका तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति प्रदान गरेको सरकारले नेपाल र अरब गणतन्त्र इजिप्टबीच जुलाई १६, २००७ मा सम्पन्न भएको 'एग्रिमेन्ट अन इकोनोमी एन्ड टेक्निकल कोअपरेशन' लागू गर्नका लागि नेपालका तर्फबाट अनुमोदनको प्रक्रिया पूरा भएको जानकारी इजिप्ट सरकारलाई लेखी पठाउन परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिने निर्णय गरेको छ ।

बैठकले प्रधानसेनापति प्रभुराम शर्मालाई यही साउन ९ देखि ११ गतेसम्म अष्ट्रेलियाको सिड्नीमा सञ्चालन हुने 'एन्युअल चिफ्स अफडिफेन्स कन्फ्रेन्स-२०२२' मा भाग लिन स्वीकृति दिने निर्णय गरेको छ । श्री नं २७ नम्बर बाहिनी अड्डाका लागि आवश्यक जग्गा प्रचलित कानुनबमोजिम मुआब्जा दिनेगरी प्राप्त गर्न नेपाली सेनालाई स्वीकृति दिइएको छ । राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक पदमा पर्वतका प्रदीप शर्मा पौडेललाई नियुक्त गर्ने निर्णय बैठकले गरेको छ । त्यस्तै नेपालले हुलाक वस्तुको अन्तर्राष्ट्रिय डाँक ढुवानीका लागि विश्व हुलाका सङ्घले निर्धारण गरेको दरमा नबढ्ने गरी आवश्यकताअनुसार एक वा एकभन्दा बढी हवाई सेवा कम्पनीसँग सम्झौता गरी अन्तर ाष्ट्रिय डाँक ढुवानीको व्यवस्थापन गर्न हुलाक सेवा विभागका महानिर्देशकलाई अख्तियारी दिने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ ।

# बागलुङमा तरकारी, मकै र आलुका पकेट क्षेत्र विकास

**पोखरापत्र संवाददाता**
**बलेवा, १ साउन**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट बागलुङमा आर्थिक वर्ष २०७८/७९ मा मात्रै ४४ कृषिका संरचना तयार भएका छन् । उत्पादनको भण्डारणका लागि आवश्यक संरचनादेखि कृषि बालीका लागि आवश्यक सिँचाइका संरचना परियोजनाले तयार गरेको हो । यो अवधिमा ६१ यन्त्र तथा उपकरण किसानलाई वितरण गरिएको छ ।

जिल्लाको ताराखोला गाउँपालिकामा आलु भण्डारणका लागि प्लाष्टिक घर निर्माण भएको छ । यो जिल्लामा परियोजना सञ्चालित क्षेत्रमा बितेको आर्थिक वर्षमा तयार भएको सबैभन्दा ठूलो संरचना हो । जिल्लाभर १३ साना सिँचाइ आयोजना तयार भएको परियोजना कार्यान्वयन एकाइ बागलुङका निमित्त वरिष्ठ कृषि अधिकृत सुजित पौडेलले जानकारीदिनुभयो ।

तीस आधुनिक बाख्राका खोर र एक पशु आहार नर्सरी स्रोत केन्द्र स्थापना भएका छन् । त्यस्तै यो अवधिमा ४० मिनीटेलर हलो, १९ चापकटर, दाना बनाउने मेसिन दुईवटा किसानलाई हस्तान्तरण गरिएको छ । आलुजोन र बाख्राजोन कार्यक्रम सञ्चालनमा रहेको बागलुङमा विभिन्न पकेट तथा ब्लकमार्फत परियोजनाले संरचना निर्माण तथा प्रविधि हस्तान्तरणमा सहयोग गरेको हो । सङ्घीय, प्रदेश र स्थानीय सरकारमार्फत स्रोत परिचालन हुने परियोजनाअन्र्तगत बागलुङमा नौवटा ब्लक र ५७ पकेट क्षेत्रमा कार्यक्रम सञ्चालनमा रहेको उहाँले बताउनुभयो ।

"हामीले दुई जिल्ला बागलुङ र पर्वत हेर्ने गरी बागलुङमा कार्यालय राखेर परियोजना चलाइरहेका छौं", प्रमुख पौडेलले भन्नुभयो, "बागलुङमा प्राथमिकतामा रहेको दुग्ध उत्पादन जोन कार्यक्रम कार्यान्वयन हुन बाँकी छ, आलुजोन पहिलेदेखि नै चलेको हो भने बाख्राजोन कार्यक्रम पनि अघिल्लो आर्थिक वर्षबाट सञ्चालनमा आएको छ ।" पकेट कार्यक्रमका लागि स्थानीय तह, ब्लकका लागि प्रदेश र जोन विकासका लागि सङ्घीय सरकारमार्फत बजेट परिचालन हुने उहाँले बताउनुभयो। उल्लेखित संरचना तथा प्रविधि हस्तान्तरणका लागि रु सात करोड ७४ लाख ६४ हजार खर्च भएको पौडेलले जानकारी दिनुभयो । बागलुङमा सबैभन्दा धेरै तरकारी, मकै र आलुका पकेट क्षेत्र विकास गरिएको छ। आलु र मकैको १२-१२ र तरकारीका ११ पकेट क्षेत्र विकास भइसकेका छन् ।

जिल्लामा तरकारी, मकै, आलु, बाख्रा र बङ्गुर ब्लक क्षेत्र विकास भएका छन् । तरकारी ब्लक एक, मकै ब्लक चार, आलु ब्लक एक, बाख्रा ब्लक दुई र बङ्गुर ब्लक एकवटा सञ्चालनमा छन् । एक सय तीनवटा समूह तथा सहकारीमार्फत १९० यन्त्र तथा उपकरण किसानका हातमा पुगेकाले कृषि उत्पादन लागतमा कमी आएको र बाँझो जग्गाको उपयोग बढ्न थालेको उहाँले दाबी गर्नुभयो ।

ताराखोलामा निर्माण भएको रष्टिक घरमा १० मेट्रिक टन आलु भण्डारण गर्न सकिने भएकाले किसानले उपयुक्त समयमा उपयुक्त मूल्य लिएर आलु बिक्री गर्न सक्ने उहाँले बताउनुभयो । बाख्राजोन कार्यक्रम सुरु भएको बागलुङमा बाख्राको नश्ल सुधारमा परियोजनाको भूमिका महत्वपूर्ण रहेको उहाँको भनाइ छ । खोर व्यवस्थापन र नश्ल सुधारमा परियोजना सहयोगी बन्दा उत्पादन बढ्ने वरिष्ठ कृषि अधिकृत पौडेलको धारणा थियो ।

# नेतृत्व मञ्च पोखराको प्रथम महाधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १ साउन**



सक्षम नेतृत्वकर्ता जन्माउने लक्ष्यका साथ स्थापित युवा केन्द्रित सामाजिक संस्था नेतृत्व मञ्च पोखराको प्रथम महाधिवेशन हिजो २०७९ साल असार ३२ गते शनिबारका दिन सफलतापूर्वक सम्पन्न भएको छ ।

विगत ३ वर्ष देखि पोखरामा नेतृत्व विकासका लागि क्रियाशिल मञ्चलाई महाधिवेशन मार्फत तीन अंगको साङ्गठनिक संरचनामा संस्थागत गरिएको छ । महाधिवेशन मार्फत मञ्चका दुई अंगहरु क्रमशः व्यवस्थापिका र कार्यपालिकाको लागि सदस्यहरु चयन गरिएको छ । मञ्चको अर्को साङ्गठनिक अंग विमर्शपालिकाको संरचनालाई भने कार्यपालिकाले पूर्णता प्रदान गर्नेछ । कार्यपालिका अन्तर्गत रहने नवगठित कार्यसमितिको अध्यक्षमा सुप्रिया श्रेष्ठ, उपाध्यक्षमा धिरज परियार, सचिव (कार्यपालिका) मा प्रतिक्षा पौडेल र सचिब (व्यवस्थापिका) मा निर्देश सुवेदी र सदस्यहरुमा विज्ञानराज सुवेदी, अनिशा अर्याल र सुनिल काफ्ले चयन भएका छन् । व्यवस्थापिका मातहतको विषयगत समितिका संयोजकहरु; कार्यक्रमका कापिल कार्की, संगठनका सुमित विश्वकर्मा र सूचना तथा संचारका सविन सुनार समेत कार्यसमितिका सदस्य रहनेछन् । त्यस्तै व्यवस्थापिका तर्फ सभामुखमा प्रतिभा अधिकारी र उप-सभामुखमा सन्जय यादव रहने गरी २५ जना विधायिका सदस्यहरु समेत चयन गरिएको छ । संस्थापन समन्वय समितिका संयोजक आरोग्य मोहन काफ्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उप-संयोजक मन्दिप सुवेदीले संस्थाको प्रगति र आगामी अवधारणागत रुपरेखा बारे प्रस्तुतीकरण दिएका थिए । मञ्चका संगठन विभाग प्रमुख सन्देश वि.क. ले स्वागत मन्तव्यका क्रममा संस्थाको औचित्य बारे प्रष्ट पार्दै संस्थाको पृथकता र सदस्यहरुको भूमिका बारे चर्चा गरेका थिए ।

प्रतिक्षा पौडेलको संचालन र निलकण्ठ त्रिपाठी अतिथि सहजकर्ता रहेको उक्त कार्यक्रममा करिब ५० जनाको उपस्थिति रहेको थियो ।

# कहिले आउला बागलुङमा पानी ?

**पोखरापत्र संवाददाता**
**बलेवा, १ साउन**

कहिले आउँछ नगर क्षेत्रमा शुद्ध पानी ? जनताले धमिलो पानी कहिलेसम्म खाने ? नागरिकको स्वास्थ्यप्रति नगरपालिका कहिले संवेदनशील बन्छ ? यस्ता धेरै प्रश्न नगरवासीले पटकपटक उठाउँछन् । नगरका विकास निर्माणमा भन्दा खानेपानी, शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकतामा प्रश्न उठ्ने गरेका छन् ।

शनिबार बागलुङ नगरपालिकाले नयाँ जनप्रतिनिधि आएपछि गरेको पहिलो सार्वजनिक सुनुवाइमा पनि यस्तै प्रश्न उठे । बजेट किताब सार्वजनिक र श्वेतपत्र जारी गरेलगत्तै नगरपालिकाले सार्वजनिक सुनुवाइ गर्दा आधारभूत आवश्यकतामा बढी प्रश्न उठेका हुन् । नगर प्रमुख वसन्तकुमार श्रेष्ठले पनि अधिकांश जिज्ञासा र चिन्ता मौलिक हक पालना नभएको पाएकाले नगरपालिका सचेत बनेको बताउनुभयो । सुनुवाइमा नयाँ जनप्रतिनिधिका थोरै चुनौती र सबैभन्दा बढी बागलुङको खानेपानी, शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा प्रश्न उठेका थिए । सुनुवाइमा सहभागी अधिकांशले नगरको खानेपानीमा भएको समस्या तत्काल समाधान गर्न माग गरेका छन् । उनीहरुले नगरपालिकाले खानेपानीको अभिभावकत्व लिनुपर्नेसमेत सुझाए । धौलागिरि अस्पतालमा स्वास्थ्य सेवा प्रभावकारी नभएको, सयौं सेवाग्राहीलाई सामान्य जानकारी दिने काम नभएको, खानेपानीको व्यवस्थापन नभएको र आवश्यक दक्ष चिकित्सक घटेकोसमेत बताए ।

नगरपालिकाले सञ्चालन गरेका पूर्वाधार गुणस्तरहीन भएको टिप्पणी सहभागीले गरेका थिए । सदरमुकामदेखि वडा तहमा जोड्ने सडक जीर्ण बन्दै गएकाले पर्यटन, कृषि तथा अन्य क्षेत्रमा पनि प्रभाव परेको गुनासो थियो । "भकुण्डे पर्यटनको आकर्षण केन्द्र हो, यहाँ पुग्न सयौंको मन छ, तर जाने सडक भएन", बानपा-४ का प्रकाश जिसीले भन्नुभयो, "उक्त सडकस्तरीय बन्दा नगरपालिकाले लाखौं कमाई गर्न सक्छ ।" पर्यटकको भीड लाग्दा स्थानीय बासिन्दाले रोजगारी पाउने र उत्पादनले बजार पाउने उहाँको तर्क थियो ।

त्यस्तै बलेवास्थित हवाइ मैदान सञ्चालन, निर्माण सम्पन्न भएको बसपार्क व्यवस्थापन गर्नुपर्ने, अदालत चौपारीदेखि तित्याङ जाने सडकको सुरुआत खण्ड असहज भएको, खानेपानीको लिफ्ट योजना बनिरहेको भूगोलमा हुनसक्ने जोखिम घटाउन अहिलेबाटै पहल गरिनुपर्ने धारणा पनि आएका थिए । खानेपानीको मुहान भएका स्थानमा बङ्गुरपालन गरिँदा प्रदूषण बढेको, नदी दोहन रोक्न आवश्यक प्रक्रिया पूरा नभएको, काठेखोलामा जलचरको संरक्षणमा ध्यान नपुगेको जस्ता प्रश्नसमेत उठेका थिए । सहभागीको जिज्ञासामा नगरप्रमुख श्रेष्ठले प्रश्नको जवाफ दिनुभएको थियो । उहाँले नगरवासीलाई आगामी पुस मसान्तसम्म स्वच्छ र नियमित खानेपानी खुवाउने प्रतिबद्धता जनाउनुभयो । "निर्माणाधीन काम सक्न समय लाग्ने भएकाले केही ढिला हुन्छ, तर काम सक्न चाहिने उपकरणमा नगरपालिकाले सहजीकरण गर्नेछ", उहाँले भन्नुभयो, "अप्ठ्याराहरु फुकाउने काम गर्छौं, तर ठेकेदारले काम समयमा सक्नुपर्छ ।" साथै उहाँले लिफ्ट खानेपानीको विकल्पसमेत सोचिसकेकोभन्दै कालीगण्डकीको पानीसमेत ल्याउन प्रारम्भिक सर्भे गर्ने बताउनुभयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले अब समयमा योजना सम्झौता गर्ने, समयमा फरफारक गर्ने पद्दति बसाल्ने बताउनुभयो । उहाँले समयमा काम सक्दा भुक्तानीको समस्या नहुने, अनुगमन प्रभावकारी बन्ने र बेरुजुलगायतका अप्ठ्यारा समयमा फुकाउन सकिने बताउनुभयो । "अब साउनबाटै योजना सम्झौता हुनेछन्, त्यसैले असारमै रातो किताब ल्यायौं", उहाँले बताउनुभयो, "मङ्सिर मसान्तमा सम्झौता नभए पुसको नगर परिषद्ले रकमान्तरण गरेर अन्यत्र हाल्नसक्ने व्यवस्था छ ।" उहाँले रकमान्तरण भएका योजनामा पनि फागुन मसान्तभित्र सम्झौता गरिसक्ने लक्ष्य बनाएको बताउनुभयो । कार्यक्रममा उपप्रमुख राजु खड्का, अस्पतालकी नर्स अधिकृत शान्ति खड्का र खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष हरिप्रसाद श्रेष्ठले जिज्ञासाको जवाफ दिनुभएको थियो ।

# तनहुँमा थपिए ४८८४ नयाँ मतदाता

**पोखरापत्र संवाददाता**
**दमौली, १ साउन**

आसन्न प्रतिनिधि सभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गरी तनहुँमा एक महिनाको अवधिमा चार हजार ८८४ मतदाता थपिएका छन् । स्थानीय तह निर्वाचनपछि स्थगित भएको मतदाता नामावली सङ्कलन असार १ गतेदेखि पुनः सुचारु भएको थियो ।

एक महिनाको अवधिमा दुई हजार २९८ महिला र दुई हजार ४७८ पुरुष गरी चार हजार ७७६ तनहुँका नयाँ मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । त्यस्तै बाहिरी जिल्लाका एक सय आठ मतदाता पनि निर्वाचन कार्यालयमार्फत् थपिएका छन् । मतदाता नामावली दर्ताका लागि सर्वसाधारणको आकर्षण देखिएको निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिनुभयो । "फोटोसहितको मतदाता नामावली दर्ता गरी मताधिकार सुरक्षित गर्न सर्वसाधारणमा आकर्षण देखिएको छ", उहाँले भन्नुभयो, "दैनिकजसो कार्यालयमा भीड हुन्छ ।" मतदाता नामावली दर्ताका लागि विभिन्न पालिकाबाट सर्वसाधारण बस रिजर्भ गरेर आउने गरेका छन् ।

तनहुँमा हालसम्म दुई लाख ४४ हजार ३४० मतदाता कायम भएका छन् । विसं २०७९ साल वैशाख २९ गतेसम्म एक लाख १७ हजार १३४ पुरुष र १२७ हजार दुई ६०० छ मतदाता छन् ।